# भेडा बाखामा कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन कार्यविधि– २०७३

**प्रस्तावना:**

व्यवसायिक भेडाबाखापालन तर्फ कृषकहरुको बढ्दो आकर्षणका साथै दलित, महिला तथा विपन्नवर्गको आयआर्जन, रोजगारी श्रृजना र गरिवी न्यूनिकरणका लागि सरकारी तथा गैर सरकारी निकायहरुवाट भेडा वाखापालनका कार्यक्रमहरु निरन्तर रुपमा भैरहेकोमा उक्त कार्यको लागि उच्च उत्पादन क्षमता भएका भेडाबाखाको नश्ल अपर्याप्त भएको सन्दर्भमा नश्ल सुधार गरि उत्पादकत्व वृद्धि गर्न र यसको व्यवसायीकरण गर्न जमेको वीर्य उत्पादनका लागि बोका थुमा पालन गरी उत्पादित जमेको वीर्यबाट कृत्रिम गर्भाधानको माध्यामबाट भेडाबाखामा नश्ल सुधार गर्न वाञ्छनीय भएकोले नेपाल सरकारको सामुदायिक भेडा स्रोत केन्द्र विकास कार्यक्रमलाई व्यवस्थित, सरल, प्रभावकारी र पारदर्शी रुपमा स्थापना र संचालन गर्न यो कार्यविधि नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयबाट जारी गरिएकोछ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम "भेडाबाखामा कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन कार्यविधि– २०७३" रहेको छ ।

(ख) यो कार्यविधि नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "मन्त्रालय" भन्नाले पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्नेछ।

(ख) "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनु पर्नेछ।

(ग) "निर्देशनालय" भन्नाले पशु उत्पादन निर्देशनालय सम्झनु पर्नेछ।

(घ) "कार्यालय" भन्नाले जिल्ला पशु सेवा कार्यालय सम्झनु पर्नेछ।

(ङ) "कार्यविधि" भन्नाले "भेडाबाखामा कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन कार्यविधि– २०७३" सम्झनु पर्छ ।

(च) "कार्यक्रम" भन्नाले जमेको वीर्य उत्पादन तथा भेडाबाखामा कृत्रिम गर्भाधान कार्यक्रम सम्झनु पर्छ ।

(छ) "स्रोतकेन्द्र" भन्नाले सामुदायिक भेडाबाखा स्रोतकेन्द्र सम्झनु पर्छ ।

(ज) "कृषक" भन्नाले स्रोत केन्द्रमा आवद्ध तथा व्यवसायिक भेडा बाखापालक कृषक सम्झनु पर्छ ।

(झ) "सेवा केन्द्र" भन्नाले कार्यक्रम संचालित क्षेत्रको सम्बन्धित पशु सेवा केन्द्र "क" वा "ख" सम्झनु पर्छ ।

(ञ) "भेडाबाखा" भन्नाले माउ बाखा, माउ भेडा, थुमा वोका पाठा पाठी समेतलाई सम्झनुपर्छ ।

**३. उद्देश्यहरु** : यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) राष्ट्रिय पशु प्रजनन् केन्द्रबाट थुमा र बोकाको जमेको वीर्य उत्पादन गर्ने र जिल्ला पशु सेवा कार्यालयहरु मार्फत कृत्रिम गर्भाधान सेवा संचालनको लागि वीर्य उपलब्ध गराउने ।

(ख) नेपालको भौगोलिक क्षेत्र तथा हावापानी सुहाँउदो स्थानिय तथा वर्णशंकर भेडाबाखाहरुमा कृत्रिम गर्भाधानद्वारा नश्ल सुधार गरि उच्च उत्पादनशील प्रजनन् योग्य बोका, थुमा तथा भेडावाखाको उपलब्धता बढाउने ।

(ग) कृषक समुदायमा दिगो र सहभागितामुलक तरिकाबाट भेडाबाखामा नश्ल सुधार प्रणाली स्थापित गर्ने ।

(घ) भेडाबाखाको श्रोत केन्द्र विकास गरी व्यवसायिक भेडा बाखापालक कृषकहरुलाई उत्पादनशील बोका, थुमा तथा भेडाबाखाहरु उपलव्ध गराउने ।

(ङ) राष्ट्रिय पशु प्रजनन केन्द्र, पशु प्रजनन कार्यालयहरु तथा कार्यक्रममा संलग्न निकायहरुको क्षमता अभिबृद्धि गरी दिगो सेवा प्रदान गर्ने गराउने ।



80

## परिच्छेद २

## बोका, थुमाको जमेको वीर्य उत्पादन तथा वितरण

४ भेडा बाखाको नश्ल सुधार तथा प्रजनन् व्यवस्थापनद्वारा उच्च उत्पादन क्षमता भएका प्रजनन योग्य भेडाबाखाको विकास गर्न देहाय बमोजिम गरिनेछ :-

(क) जातिय शुद्धता तथा उच्च उत्पादन क्षमताको आधारमा बोयर, सानन, जमुनापारी, आदी जातका बोकाहरु र कुपवर्थ, रोम्नीमार्स आदि जातका थुमाहरुलाई वीर्य संकलन प्रयोजनका लागि राष्ट्रिय पशु प्रजनन केन्द्र तथा पशु प्रजनन कार्यालयहरुमा व्यवस्थापन गरिनेछ । भेडाको हकमा अपर्याप्त हुने सिमेन विदेशबाट आयात गरिनेछ ।

(ख) उक्त केन्द्र तथा कार्यालयहरु मार्फत जमेको वीर्य उत्पादन कार्य गरिने छ ।

(ग) नेपाल कृषि अनुसन्धान परिषदबाट सिफारिश गरिएका जातहरु तथा कृषकको माग र चाहनाका आधारमा बोका, थुमाहरुको वीर्य संकलन तथा वितरण गरिने छ ।

(घ) राष्ट्रिय पशु प्रजनन केन्द्र तथा पशु प्रजनन कार्यालयहरुबाट उत्पादित जमेको वीर्य व्यवसायिक फार्म तथा श्रोत केन्द्रहरुमा राजश्व वापत रु २५/-लिई जिल्ला पशु सेवा कार्यालय मार्फत कृत्रिम गर्भाधान प्रयोजनको लागि निशुल्क वितरण गरिने छ ।

## परिच्छेद ३

## व्यवसायिक भेडाबाखापालन फार्म छनौट तथा कृत्रिम गर्भाधान कार्यक्रम संचालन प्रकृया

५. जिल्ला पशु सेवा कार्यालय तथा संलग्न निकायहरुको समन्वयमा देहाय अनुसारका फार्महरुमा कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन हुने छ ।

(क) सरकारी भेडा बाखाविकास फार्महरु

(ख) सामुदायिक भेडाबाखा श्रोत केन्द्र संचालन निर्देशिका/कार्यविधि २०७० र २०७३ अनुसार स्थापित भेडाबाखा श्रोत केन्द्रहरु ।

(ग) जिल्ला पशु सेवा कार्यालय तथा सरकारी निकायमा दर्ता भएका कम्तिमा ५० वटा प्रजनन् योग्य माउ भेडा बाखा भएका फार्महरु ।

(घ) अनुसन्धान प्रयोजनका लागी नेपाल कृषि अनुसन्धान परिषदबाट सञ्चालन गरिएका भेडाबाखा फार्महरु ।

६. **भेडा बाखाको छनौट तथा अभिलेखीकरण:** भेडाबाखाको छनौट तथा अभिलेखीकरण प्रकृया देहायबमोजिम हुनेछ ।

(क) भेडाबाखाको पहिचान: छनौट भएका फार्महरुका सम्पूर्ण प्रजनन् योग्य माउ भेडाबाखाहरुलाई अनिवार्य रुपमा ट्याग लगाउनु पर्ने छ ।

(ख) अभिलेखिकरण : **सामुदायिक भेडाबाखा श्रोत केन्द्र संचालन निर्देशिका २०७० र २०७३** को अनुसूची ८ र ६ के अनुसारको माउ भेडाबाखाको अभिलेख फारम कृषकले भरि सुरक्षित राख्नुपर्ने छ ।

(ग) अभिलेख तथा तथ्यांक पेश गर्ने : अभिलेखिकरणको कार्य निरन्तर अगाडि बढाउन अभिलेख फारम केन्द्रिय भेडा बाखा प्रवर्द्धन कार्यालयद्वारा सम्बन्धित जिल्ला पशु सेवा कार्यालय मार्फत उपलब्ध गराइनेछ र कृषकले अभिलेखिकरण गरेको तथ्यांक सम्वन्धित सेवा केन्द्र मार्फत जिल्ला पशु सेवा कार्यालयमा पेश गर्नु पर्ने छ ।

७. **भेडाबाखामा कृत्रिम गर्भाधान संचालनको लागि कृत्रिम गर्भाधानकर्ताको योग्यता:** भेडाबाखामा व्यवसायिक कृत्रिम गर्भाधानकर्मी भई सेवा प्रदान गर्न कम्तिमा ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता (३५ दिने) तालिम प्राप्त गरी ५ दिनको भेडाबाखामा कृत्रिम गर्भाधान सम्बन्धि तालिम लिएको हुनुपर्नेछ । आफ्नै भेडाबाखामा मात्र कृत्रिम गर्भाधान गर्न चाहने कृषकको हकमा सो तालिममा सहभागी भई सीप हासिल गर्न चाहेमा उपरोक्त योग्यता

चाहिने छैन । तर त्यस्ता कृषकहरुलाई उक्त तालिममा सहभागी गराई तालिम दिइएको प्रमाणपत्र र लाइसेन्सको सट्टा तालिममा सहभागी भई सन्तोषजनक रुपमा सम्बन्धित विषयको ज्ञान र सीप हासिल गरेको (Letter of Attendance and Appriciation) पत्र मात्र तालिम आयोजक निकायले दिने छ ।

८. **भेडाबाखामा कृत्रिम गर्भाधान कार्यक्रम संचालन:** भेडाबाखामा कृत्रिम गर्भाधान प्रकृया देहाय बमोजिम संचालन गरिनेछ ।

(क). नियमित प्रकृयाबाट कृत्रिम गर्भाधान कार्यक्रम : भेडाबाखा हिटमा आएको बेला नियमित प्रकृयाबाट गरिने कृत्रिम गर्भाधान ।

(ख) एककालिक कृत्रिम गर्भाधान कार्यक्रम : कुनै निश्चित व्यवसायिक फार्म तथा भेडाबाखा स्रोत केन्द्रमा कुनै निश्चित समयमा देहाय बमोजि म एककालिक कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिने छ ।

१. कुनै निश्चित व्यवसायिक फार्म तथा भेडाबाखा स्रोत केन्द्रमा ऋतु चक्रमा नआएका तर प्रजनन योग्य स्वस्थ भेडाबाखाहरु छनौट गरी ट्यागिङ्ग गर्ने ।

२. छनौट गरिएका सबै भेडाबाखाहरुलाई जुका तथा नाम्ले विरुद्धको १ डोज औषधि खुवाउने ।

३. जुका तथा नाम्ले विरुद्ध औषधि खुवाएको भोलीपल्ट देखि ७ दिन सम्म लिवर टोनिक र २० दिनसम्म मिनरल खुवाउने ।

४. यो उपचारको क्रममा ऋतुकालमा आउने बाखालाई उचित समयमा कृत्रिम गर्भाधानकर्ताले कृत्रिम गर्भाधान गर्ने ।

५. यसरी औषधि चलाएको ११ दिनभित्र पनि ऋतुकालमा नआएको भेडाबाखालाई हर्वल हिट इन्ड्युसर औषधि खुवाउने र त्यस पछि हिटमा आएका बाखामा कृ.ग. गर्ने ।

६. २० दिनभित्र समेत बाली नखोज्ने भेडाबाखालाई पुनः एकचोटी हर्वल हिट् इन्डयुसर खुवाउने ।

७. २५ दिनपश्चात समेत बाली नखोज्ने भेडाबाखाहरुलाई हर्मोनको सुई ( $pGF_2\alpha$ ) लगाउने / विज्ञको शिफारिस अनुसार अन्य हर्मोन समेत उपयोग गर्न सकिनेछ ।

८. २४, ४८, ७२ घण्टा वा आवश्यकता अनुसार ५ दिनसम्म बाली खोज्ने भेडा बाखाहरुलाई कृत्रिम गर्भाधान गर्ने ।

## परिच्छेद ४

## उत्पादनशील प्रजनन् बोका, थुमा तथा भेडा बाखाको उपलब्धता

कृत्रिम गर्भाधानबाट जन्मेका र अभिलेख विश्लेषणका आधारमा उच्च उत्पादन क्षमता भएका बोका, थुमाहरुलाई अन्य क्षेत्रमा भेडा बाख्राको नश्ल सुधार तथा हाड नातामा हुने प्रजनन् रोकथामको लागि ३० माउ भेडाबाखा बराबर १ बोका, थुमा हुने गरि आपुर्ति गर्न व्यवस्था मिलाउने र साथै उच्च उत्पादन क्षमता भएका प्रजनन् योग्य माउ भेडा बाखा अन्य व्यवसयिक फार्महरुमा समेत आपुर्तिको व्यवस्था मिलाउन सम्बन्धित निकायले आवश्यक पहल गर्नुपर्ने छ ।

## परिच्छेद ५

९. आर्थिक प्रशासन रोवाः

कार्यक्रमको लेखा,ऐन् लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ~~लेखोनियम~~ ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४सार्वजनिक खरिद ऐन ,, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

१०. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः

यस कार्यक्रमको अनुगमन मन्त्रालय, विभाग, निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय र कार्यालयहरुले गर्नेछन् र सोको मासिक प्रतिवेदन र प्रगति सम्बन्धित क्षेत्रीय पशु सेवा निर्देशनालयहरुमा पठाउनु पर्ने छ । मासिक, चौमासिक तथा बार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु विभाग मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

११. थपघट वा हेरफेर गर्न सक्ने

१. यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वियनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।